नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:

चलानी नं.:

बबरमहल, काठमाडौं

नेपाल ।

## प्रेस नोट

हामी अहिले कोभिड-१९ को दोस्रो महामारीको सामना गरिररहेका छौं । यति नै बेला (मनसुन सुरु हुनु अघि नैं) धेरै पानी परी बाढी, पहिरोको जोखिम बढेको छ ।

भोली जेठ १३ गते बिहिबारदेखि जेठ १५ गते शनिबारसम्ममा देशमा धेरैजसो भागमा पानी पर्ने सम्भावना देखिएको छ । पश्चिमी बंगालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवात (Very Severe Cyclonic Storm) यास् (YAAS) समूद्रबाट जमिन तर्फ प्रवेश गरिसकेको छ र उक्त चक्रवात उत्तर-उत्तरपश्चिम सर्ने क्रममा छ। त्यसले केही दिन नेपालको मौसममा असर पर्ने हुँदा आवश्यक सतर्कता अपनाउन हुन सबैमा अनुरोध छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार २०७८ जेठ १३, १४ र १५ गते प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, र लुम्बिनी प्रदेशका केहि स्थानमा भारी वर्षाको सम्भावना छ । प्रदेश १, प्रदेश २, बाग्मती र लुम्बिनी प्रदेशको तराईमा अति भारी वर्षा, चट्याङ पर्ने र उच्च बेगको हावाहुरी आउने सम्भावना छ। कर्णाली र सुदुरपश्चिम प्रदेशमा भने एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यम वर्षाको सम्भावना देखिन्छ । गण्डकी, बागमती र प्रदेश १ का हिमाली/ उच्च पहाडी भूभागका केहि स्थानमा हल्का देखि मध्यम हिमपात/वर्षा हुनसक्छ ।

यसै सन्दर्भमा सर्वसाधारण एवम् विपद् व्यवस्थापनमा खट्ने सबैलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निम्नानुसार गर्न हार्दिक अनुरोध गर्दछ;

१. बस्ती नजिक बाढी, पहिरो, डुबान जोखिम आंकलन गरी सुरक्षाकर्मी एवम् पालिकासँगको समन्वयमा सुरक्षित स्थानमा सर्ने ।

२. नदी, खोला किनार एवम् पहिरो आसपास बसोबास गर्ने बासिन्दा सतर्क अवस्थामा रहनुपर्नेबारे सञ्चार माध्यममार्फत सचेत गराउने ।

३. आफ्नो आसपासको ठाउँमा बाढी, पहिरो, डुबान, कटानको जोखिम देखिए सुरक्षा निकाय, पालिका एवम् जिल्ला विपद् व्यवस्थापन समितिलाई तुरुन्त खबर गर्ने ।

४. पहाडमा भू-क्षय र पहिरो एवम् तराईमा बाढी आउन सक्ने सम्भावना दृष्टिगत गरी हरेक जिल्लामा सुरक्षा निकाय, विपद् व्यवस्थापनमा संलग्न सरकारी एवम् गैरसरकारी निकाय र विषयगत क्षेत्रलाई उच्च सतर्क अवस्थामा राख्ने ।

५. सम्भावित वर्षा एवम् बाढीबारे थाहा पाउन जल तथा मौसम विज्ञान विभागको टोल फ्री (पैसा नलाग्ने) नम्बर ११५५ मा फोन गर्ने ।

६. तत्काल खोज, उद्धार र राहतको लागि राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्रको टोल फ्री नम्बर ११४९ मा फोन गर्ने ।

७. विपद्को समयमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको विशेष ध्यान दिने ।

८. पर्वतारोहणका लागि हिमालतिर गएको टोलीलाई तुरुन्त फिर्ता बोलाउने ।

२०७८ जेठ १२

(लीलाधर अधिकारी)
प्रवक्ता

फोन: ०१-५३५८२४०, ४१०२१९३, ४१०२१७९ टोल फ्रि: ११४९ इमेल : info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np